नागरिक अधिकारको घोषणा

पछि आएर 'नागरिक अधिकार घोषणा' को नामले परिचित संविधानका १० संशोधनलाई अमेरिकी संसदको पहिलो अधिवेशनले दुई-तिहाई वहुमतले पारित गऱ्यो। त्यसपछि राज्य विधानसभाहरुबाट पनि आवश्यक तिन-चौथाई वहुमतको आधारमा यसलाई परित गरियो। *राष्ट्रिय अभिलेखालय*

धेरै नागरिकको मनमा राष्ट्रको संविधानद्वारा भर्खर स्थापित केन्द्रिय सरकार एक दिन अति शक्तिशाली बन्नसक्ने डर भएकोले वाक, प्रेस, धार्मीक, तथा अन्य मौलिक स्वतन्त्रताको सुरक्षार्थ केही संशोधन प्रस्तावित गरिए जसमध्ये १० वटा अनुमोदित भए। तिनै १० संशोधन आज आएर 'नागरिक अधिकार घोषणा' को नामले परिचित छन्।

संशोधन १

(डिसम्बर १५, १७९१ मा पारित)

अमेरिकी संसदले धर्म स्थापनार्थ अथवा धर्मको निर्वाध पालना विपरीत वा वाक तथा प्रेस स्वतन्त्रता वा जनताको शान्तिपूर्ण सभा/भेला गरेर सरकारसंग मर्का अन्याको हल माग गर्ने अधिकार सीमित गर्नेगरि कुनै कानून बनाउने छैन।

संशोधन २

(डिसम्बर १५, १७९१ मा पारित)

एउटा सुनियंत्रित मिलिसिया (जनसैन्य दस्ता) स्वतन्त्र राष्ट्रको सुरक्षाको लागि आवश्यक पर्ने भएकोले राज्यबाट जनताको हतियार राख्ने तथा बोक्ने अधिकार अतिक्रमण हुने (खोसिने) छैन।

संशोधन ३

(डिसम्बर १५, १७९१ मा पारित)

शान्तिकालमा कुनै पनि सैनिकलाई घरधनिको स्विकृतिबिना वा युद्धकालमा कानूनी प्रावाधान अनुसार बाहेक, निजको घरमा बसोवास गराउन पाइने छैन।

संशोधन ४

(डिसम्बर १५, १७९१ मा पारित)

बिनाकारण खानतलाशी तथा जफतबाट आफ्नो जीउज्यान, घरबास, कागजपत्र तथा जायजेथा सुरक्षित राख्ने जनताको अधिकार उल्लंघन गरिने छैन र साथै पक्राउ पुर्जी जारी गर्दा सम्भाव्य कारण तथा शपथपत्रको आधारमा र खानतलाशी गरिने ठाउँ तथा पक्राउ गरिने व्यक्ति वा जफत गरिने सामानको विवरण खुलाएर मात्र जारि गर्न पइने छ।

संशोधन ५

(डिसम्बर १५, १७९१ मा पारित)

युद्धकालमा वा सार्बजनिक खतरा को स्थितिमा जल वा थल सेना वा मिलिसिया सम्बन्धी सेवामा रहेको व्यक्तिले आफ्नो दायित्व पुरा गरिरहेको अवस्थामा बाहेक, मृत्युदण्ड वा कुनै कुख्यात अपराधको मुद्दामा यथाशिघ्र कुनै व्यक्तीलाई "ग्राण्ड जुरी" द्वारा बयान लिएर वा अभियोग लगाएर मात्र दण्डीत

गर्न सकिने छ; साथै एउटै व्यक्तिलाई एउटै अपराधको लागि दुई दुई पटक जीउ ज्यानको मुद्दा, सजाय भोग्नुपर्ने स्थितिमा पारिने छैन, साथै नीजलाई कुनै पनि फौजदारी मुद्दामा आफै विरुद्ध साक्षी बक्न बाध्य पारिने छैन, यथोचित कानुनी रित नपुऱ्याई कसैलाई उसको जिवन, स्वतन्त्रता वा सम्पत्तिबाट वंचीत गरिने छैन, मनासिब क्षतिपूर्ति नदिई, सार्वजानिक प्रयोजनको लागि नै भएपनि कसैको निजी सम्पत्ति अधिक्रमण गरिने छैन ।

संशोधन ६

(डिसम्बर १५, १७९१ मा पारित)

सबै फौजदारी मुद्दमा सार्वजानिक अदालति सुनुवाई, छरितो फैसला, अपराध घटेको तथा विधानले निर्धारित गरेको राज्य र क्षेत्रभित्र गठन गरिएको निष्पक्ष 'जुरी'द्वारा मुद्दाको सुनवाई, अभियोगको प्रकृति र कारणको बोध, विपक्षी साक्षीको सामना गर्ने अवसर, आफ्नो पक्षमा साक्षी जुटाउनको लागि निश्चित अदालति आदेश, तथा आफ्नो पक्षमा वहस गरिदिने अधिवक्ता, यी सबैको हक अभियुक्तलाई हुनेछ।

संशोधन ७

(डिसम्बर १५, १७९१ मा पारित)

विवादित बस्तुको मल्य (बिगो) बिस डलर भन्दा बढी भएका सामान्य कानूनअंतर्गतका मुद्दा मामिलामा 'जुरी'बाट सुनुवाई गरिपाउने हक संरक्षित हुनेछ, एवं 'जुरी'ले ठहर गरेको कुनै तथ्यका सम्बन्धमा सामान्य कानूनका नियमहरु अनुसार बाहेक संयुक्त राज्य अमेरिकाको कुनैपनि अदालतमा अन्यथा पुन: विचार गरिने छैन।



सांसद जेम्स् म्याडिसनले संशोधनहरुलाई संसदबाट पारित गराउन तथा आफ्नो गृह राज्य भर्जिनियाबाट अनुमोदित गराउन निर्णायक भूमिका खेले। *एपि चित्र*

जुन्बेला सम्सोधनहरु पारित गरिएका थिए त्यस्बेला उपराष्ट्रपती जोन अडाम्स्ले सम्सद को एक अङ सेनेट (माथिल्लो सदन्) को अध्यक्षता गर्नु भएको थियो ।

संशोधन ८

(डिसम्बर १५, १७९१ मा पारित)

जमानतमा अत्याधिक रकम तोकिने छैन, न त अत्याधिक जरिवाना रकम तिराइनेछ, न त कठोर तथा असाधारण दण्ड सजाय नै तोकिनेछ।

संशोधन ९

(डिसम्बर १५, १७९१ मा पारित)

केही अधिकार संविधानमा सूचिकृत गरिएका छन् भन्दैमा जनतामा निहित अन्य हकअधिकारलाई अस्विकार वा अवमुल्यन गर्न खोजिएको हो भन्ने व्याख्या गरिनु हुँदैन।

संशोधन १०

(डिसम्बर १५, १७९१ मा पारित)

संविधानले संयुक्त राज्य अमेरिकालाई नसुम्पेको आधिकार वा संविधानले राज्यहरुलाई प्रयोग गर्नबाट निषेध नगरेको अधिकार क्रमश: राज्यहरु वा जनतामा नै सुरक्षित रहनेछन्।